"स्वच्छ, सफा हराभरा, बनाऔं कागेश्वरी मनोहरा"

# कागेश्वरी मनोहरा नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

### डाँछी, काठमाडौं

**प्रथम पटक प्रकाशित मिति २०७४।४।२२**

## अत्यन्त जरुरी सूचना

यस नगरपालिका कार्यालयका निम्नानुसारका कार्यहरु अगाडि बढाइएको हुँदा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको व्यहोरा अनुरोध छ ।

१. यस नगरपालिकाभित्र आ.व. २०७४/०७५ सालमा परेका योजनाहरुको लगत ईष्टिमेट २०७४ भाद्र १ बाट शुरु गरी चैत्र मसान्त सम्ममा संझौता गरी जेष्ठ समान्त सम्म निर्माण कार्य सम्पन्न गर्ने लक्ष्य अनुरुप सम्पूर्ण उपभोक्ता समितिका सदस्यहरुलाई योजना कार्यान्वयन गर्न नगरपालिका अथवा वडा कार्यालयमा सम्पर्क राख्न हुन साथै गत आ.व. को जिम्मेवारी सरी यस आ.व.मा सम्पन्न गर्नु पर्ने योजना भाद्र १ गते देखि सम्झौता गरी कार्तिक मसान्तसम्म सम्पन्न गर्न जानकारी गरिन्छ ।

२. सार्वजनिक जग्गामा कोही कसैको घर टहरा निर्माण भइरहेको अवस्था भएमा यो सूचना प्रकाशित भएको मितिले तिन महिनाभित्र हटाउनु होला र त्यस्तो सार्वजनिक सम्पत्ति अतिक्रमण गरी अवैध रुपमा बनेको घर/टहराको जानकारी नगरपालिकामा गराइदिनसमेत सबै नगरबासीलाई अनुरोध गरिन्छ ।

३. घर नक्साको ड्रोइङ्ग, डिजाईन, नक्सा निर्माण कार्य गर्न NEA मा सदस्य भएका इन्जिनियरहरुबाट मात्र गर्नुपर्नेछ । साथै भूकम्प प्रतिरोधि घर निर्माणको तालिम लिएका डकर्मी लगाई घर निर्माण गर्नुहुन अनुरोध गरिन्छ ।

४. आर्थिक वर्ष २०७३।०७४ सम्म कर बुझाउन बाँकी रहेकाहरुको हकमा २०७४ असोज मसान्तसम्म यस नगरपालिकामा कर बुझाएमा जरिवाना नलाग्ने र सो समयपछि बुझाउन आएमा १०% जरिवाना लाग्नेछ । कोही कसैले कर छलि गरेको र छल्ने प्रयास गरेको पाइएमा कानून बमोजिम कारवाही अगाडि बढाइने व्यहोरा समेत जानकारी गराइन्छ ।

५. नगरपालिका क्षेत्रभित्र कुनै घर, टहरा, पर्खाल आदि भौतिक संरचना निर्माण गर्दा अनिवार्य रुपमा नगरपालिकाबाट स्वीकृति लिएर मात्र गर्नुहुन जानकारी गराइन्छ ।

६. जग्गा सम्याउने कार्य गर्दा अनिवार्य रुपमा यस नगरपालिकाको सिफारिस र स्वीकृति लिनुपर्नेछ । यदि सिफारिस तथा स्वीकृति नलिई त्यस्तो कार्य गरेको पाइएमा आवश्यक कानूनी कारवाही अगाडि बढाइने तथा जग्गा बिक्री रोक्का समेत गरिने र त्यस्तो जग्गाको घर नक्सा पास गर्न नगरपालिका बाध्य हुने छैन ।

७. व्यापार व्यवसाय गर्ने सम्बन्धित सबैले अनिवार्य रुपमा PAN अथवा VAT दर्ता भई नगरपालिकाबाट अनिवार्य रुपमा व्यवसाय प्रमाण-पत्र लिएर मात्र व्यवसाय सञ्चालन गर्नुहुन जानकारी गराइन्छ । यस नगरपालिकाबाट व्यवसाय प्रमाण-पत्र लिएकाहरुको हकमा यही २०७४ असोज मसान्तभित्र निवकरण गर्नुहुन समेत अनुरोध छ ।

८. यस नगरपालिकाबाट विभिन्न किसिमको सामान Supply गर्न, परामर्श सेवा प्रदान गर्न, मर्मत सुधार कार्य गर्न र नक्सा डिजाइनिङ्ग आदि गर्नका लागि यस नगरपालिकामा सूचिकृत भएकाहरुसंग मात्र कार्य गरिने भएकोले त्यस्ता प्रकृतिका कार्य गर्न इच्छुक संघ, संस्था, कम्पनि, फर्म आदि सबैलाई समयमै यस नगरपालिकामा सूचिकृत गर्नुहुन जानकारी गराइन्छ ।

९. नगरपालिका कार्यालय प्रति केही गुनासा अथवा सुझाव भए प्रत्यक्ष वा टोल फ्रि नं. १६६००१२७७७७ मा फोन गरी ध्यानाकर्षण गराई नगर विकासका लागि सामुहिक योगदान गरौं ।

थप जानकारीका लागि यस नगरपालिकाको फोन नं. ०१-४४-५१२४२ र वेभसाइट www.kageshworimanoharamun.gov.np मा समेत Log in गरी हेर्न सकिने छ ।